नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
**LONDON, U.K.**

## अत्यन्त जरुरी सूचना

नयाँ प्रकृतिको कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलिएपछि संयुक्त अधिराज्य (बेलायत) सरकारले आजबाट लागू हुने गरी घोषणा गरेको राष्ट्रिय लकडाउनको अवधिमा सरकारले जारी गरेका नयाँ नियम तथा निर्देशनहरु पालना गर्नुहुन बेलायतमा रहनुहुने सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक अनुरोध गरिन्छ। यस अवधिमा राजदूतावासबाट निम्नानुसार सेवा प्रदान गरिने व्यवस्था गरिएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

क) राजदूतावासको नियमित कन्सुलर सेवाहरु जस्तै राहदानी नवीकरण, यात्रा अनुमति पत्र, गैरआवासीय नेपाली परिचय पत्र, भिषा एवं कागजात प्रमाणीकरणका लागि यस राजदूतावासको वेबसाइट https://uk.nepalembassy.gov.np मा रहेको विवरण अनुसारको कागजात तयार गरी हुलाकमार्फत् पठाउने।

ख) अधिकृत वारेशनामा र मञ्जुरीनामा लगायतका कामको लागि यस राजदूतावासको निम्न टेलिफोन/इमेलबाट अफिस खुल्ने दिन विहान १० बजे देखि ५ बजेसम्म सम्पर्क गर्न सकिने।

**फोनः** +४४-२०७२२९१५९४, ०२० ७२२९९६५५ (भिषा), ०२०७२४३७८५९ (कन्सुलर)
**इमेलः** consular@nepembassy.org.uk

ग) अत्यन्त जरुरी काम परेमा कार्यालय समयबाहेक र बिदाको दिनमा मोबाइल नं. +४४-७४०४९३९२७४ मा सम्पर्क गर्न सकिनेछ।

**नेपाली राजदूतावास**
**लण्डन**
**५ जनवरी २०२१**